# उमाकुण्ड गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश नेपाल

प्रकाशित मिति:२०७७/१२/०८

पत्र संख्या :- २०७७/०७८
च.न. :- १०१२

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सुचना !

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तरगत यस उमाकुण्ड गाउँपालिका रोजगार सेवा केन्द्रमा रिक्त रहिआएको प्राविधिक सहायक पद करारमा पदपूर्ति गनुपर्ने भएकाले निम्नानुसार योग्यता पुगेका नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

### तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०९/२०७७/०७८ | प्राविधिक सहायक | स्थानीय तहको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणप्रत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

ख. अनुभव तथा सीपः- प्राविधिक सहायकमा देहायको अनुभव तथा सीप आवश्यक पर्नेछ :-

- कम्तिमा ३ महिना तालिम लिई कम्प्यूटर सीप भएको
- पूर्वाधारको निमार्ण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्वन्धि सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग. उमेर कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

**२. दरखास्त दिने स्थानः** - उमाकुण्ड गाउँपालिकाको कार्यालय उमाकुण्ड, रामेछाप

**३. दरखास्त दिने अन्तिम मिति** :- २०७७/१२/२३

**४. आवेदन दस्तुर** :- ७००।

**५. छनौटको किसिम** :- प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रामाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

| | | | | |
|---|---|---|---|---|
| नागरिकता प्रतिलिपी | न्यूनतम योग्यताको प्रमाणपत्र प्रतिलिपी | चारित्रिक प्रमाणपत्र प्रतिलिपी | अनुभव खुल्ने कागजात प्रतिलिपी | २ प्रति पासपोर्ट साइज फोटो |

**७. सेवा सुविधा** :- गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धि प्रक्रियाको दफा ११, १२ र १३ बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नु पर्ने कार्य विवरण** :-गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।

***नोट :- आवेदनको दरखास्त फारम*** *www.umakundamun.gov.np बाट download गरि फारम भरेर उमाकुण्ड गाउँपालिका आन्तरिक राजस्व खाता न. ०९६०५६८५७७७०३००६ मा आवेदन दस्तुर बुझाई सम्पूर्ण कागजातहरु ito.umakundamun@gmail.com मा mail मार्फत समेत पठाउन सकिनेछ। प्रारम्भिक योग्यताक्रमको सुचिसँगै परिक्षाको मिति, समय र स्थान तोकी सूचना प्रकाशन गरिनेछ। (प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी* ***www.pmep.gov.np*** *मा उपलब्ध छ)*

प्रमुख प्रशासकीय अधिकृत
ईश्वरी प्रसाद सुवेदी